Australian Red Cross

Nepali

# रेडक्रस पारिवारिक तथा घरेलु हिंसा वित्तिय सहायता कार्यक्रम

अष्ट्रेलियाली रेडक्रसको पारिवारिक तथा घरेलु हिंसा वित्तीय सहायता कार्यक्रमले पारिवारिक र घरेलु हिंसा भोगिरहेका वा वित्तिय सहयताको आवश्यकता भएका अस्थाई प्रवेशाज्ञाहरुमा, वा अनिश्चित प्रवेशाज्ञा स्थितिमा रहेका योग्य व्यक्तिहरुलाई वित्तिय सहयोग दिने तथा एक कर्मचारीले तपाईंलाई तपाईंका मामिलाहरुमा मार्गदर्शन गराउन सक्छ ।

**निम्न मापदण्डहरु पूरा गर्नुहुन्छ भने तपाईं योग्य हुन सक्नुहुन्छः**

- तपाईं अष्ट्रेलियाली नागरिक वा स्थायी बासिन्दा *हुनुहुन्न,* र
- तपाईं पारिवारिक तथा घरेलु हिंसा भोगिरहनु भएको छ वा हिंसाको जोखिममा हुनुहुन्छ, र
- तपाईंले वित्तिय कठिनाई भोगिरहनु भएको छ

**मैले कसरी सहायता पाउन सक्छु ?**

तपाईंले अनलाईन **www.redcross.org.au/familyviolencerelief**. मा गएर सहायताको लागि आवेदन दिन सक्नुहुन्छ
यदि तपाईंलाई आवेदन भर्न सहयोग चाहिएमा रेडक्रसलाई १८०० RED CROSS (१८०० ७३३ २७६) सोमबार देखि सुक्रबार व्यवसायिक समय भित्र सम्पर्क गर्नुहोस्, वा NAT_FDV_PILOT@redcross.org.au मा ईमेल गर्नुहोस् ।
तपाईंले रेडक्रससँग सम्पर्क गर्नुभएको कुरा गोप्य रहने छ । तपाईंले आवेदन मार्फत हामीलाई दिनुभएको जानकारी हामीले हरबखत सुरक्षित राख्छौं ।
यदि तपाईंलाई दोभाषेको आवश्यकता छ भने, तपाईंले अनुवाद र दोभाषे सेवालाई १३१ ४५० मा सम्पर्क गर्न सक्नुहुन्छ र उनिहरुलाई आफ्नो रोजाईको भाषा बताएर १८०० ७३३ २७६ मा सम्पर्क गराइदिन भन्न सक्नुहुन्छ ।

**ग्राहक कसरी सिफारिस गर्ने**

यदि कुनै व्यक्तिलाई पारिवारिक तथा घरेलु हिंसा सम्वन्धि विषेश संस्था वा अन्य सेवाहरुले सहायता गरिरहेका छन् भने ग्राहकलाई सिफारिस गर्ने सबैभन्दा छिटो र सुरक्षित बाटो वेबसाइटमा जानु, सिफारिस फारम भर्नु र ग्राहकलाई स्व-दर्ता गर्न सहायता गर्नु हो ।

**थप सहायताहरु उपलब्ध छन्**

निम्न निःशूल्क सेवाहरु मार्फत थप सहायताहरु उपलब्ध छन्

**१८०० ७३७ ७३२** १८०० RESPECT – राष्ट्रिय यौन आक्रमण तथा घरेलु हिंसा सहायता लाईन

**१३ ११ १४** लाईफलाईन संकट सहायता तथा आत्महत्या रोकथाम

**१८०० ५५ १८००** बालबालिका सहायता लाईन

**थप जानकारीको लागि www.redcross.org.au/familyviolencerelief मा जानुहोस्**